annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २६७ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १८ माघ २०८१ | मार्ग शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४५ | FRIDAY, JANUARY 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

## संसद् अधिवेशन आजबाट

# सत्तापक्ष–प्रतिपक्ष आमने–सामने

संघीय संसद्को हिउँदे अधिवेशन शुक्रबारबाट सुरु हुँदै छ। अधिवेशनमा अध्यादेशका एजेन्डामा सत्तापक्ष र प्रतिपक्ष आमने-सामने हुने अवस्था देखा परेको छ। किनभने, सत्तापक्ष जसरी पनि अध्यादेश अनुमोदन गराएर फास्ट ट्र्याकबाट प्रतिस्थापन विधेयक पारित गर्ने तयारीमा छ। तर, सत्तापक्ष अध्यादेशलाई प्रक्रियामा जानबाटै रोक्ने मुडमा देखिएको छ। विधेयक अधिवेशनका रूपमा चिनिने यो अधिवेशनले पार लगाउनुपर्ने दर्जनौं विधेयक पनि छन्। जुन, वर्षौंदेखि थन्किएर बसेका छन्।

**सुरेन्द्र काफ्ले/राधा खनाल** | *काठमाडौं*

**– को रिपोर्ट**

### संवैधानिक व्यवस्था

**११४ अध्यादेश :**

(१) संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिम जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ। तर त्यस्तो प्रत्येक अध्यादेश-

(क) जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिनेछ र दुवै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुनेछ।

(ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ र

(ग) खण्ड -क) वा -ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा 'दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वत: निष्क्रिय' हुनेछ।

स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि दुवै सदनको बैठक बसेको दिन भन्नाले संघीय संसदका दुवै सदनको अधिवेशन प्रारम्भ भएको वा बैठक बसेको दिन सम्झनुपर्छ र सो शब्दले संघीय सदनहरूको बैठक अघिपछि गरी बसेको अवस्थामा जुन सदनको बैठकपछि बसेको छ, सोही दिनलाई जनाउँछ।

**अध्यादेश जारी**

**२०८१ पुस १४ गते**

१. सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश

**२०८१ पुस २९ गते**

२. सुशासन प्रबर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन

३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन)

४. निजीकरण (पहिलो संशोधन)

५. आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश

**२०८१ माघ २ गते**

६. भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश



समाचार पृष्ठ २

# अमेरिकामा जहाज र हेलिकप्टर ठोक्किए, ३० को मृत्यु

**अन्नपूर्ण** | *काठमाडौं*

६४ जना यात्रु बोकेको अमेरिकन एयरलाइन्सको विमान बुधबार राति दुर्घटनामा परेको छ। उक्त विमान सेनाको हेलिकप्टरसँग ठोक्किएर पोटोम्याक नदीमा खसेको थियो। यो समाचार तयार पार्दासम्म उद्धार टोलीले ३० वटा शव हिउँले भरिएको पानीबाट निकालेको बीबीसी समाचारमा उल्लेख छ।

वासिङ्टन डिसीनजिकै बुधबार साँझ भएको दुर्घटनामा कोही पनि बाँच्न नसक्ने अमेरिकी अधिकारीहरूले बताएका छन्। ६० यात्रु र ४ चालक दलसहित ६४ सदस्य सवार उक्त विमान र हेलिकप्टर दुर्घटनापछि पोटोम्याक नदीमा खसेको थियो। हेलिकप्टरमा तीन जना सैनिक सवार थिए। विमानमा अमेरिकाबाट फिगर स्केटरहरू पनि थिए। रसियाले विमानमा आफ्ना केही नागरिक पनि सवार रहेको पुष्टि गरेको छ।

जेट क्यान्ससबाट वासिङ्टन आउँदै गरेको अमेरिकन एयरलाइन्सको सीआरजे ७००० बम्बार्डियर जेट र अमेरिकी सेनाको ब्ल्याकहक (एच-६०) हेलिकोप्टर ठोक्किएर दुर्घटना भएको थियो। हेलिकोप्टर प्रशिक्षण उडानमा रहेको एजेन्सीहरूले उल्लेख गरेका छन्। घटनामा संलग्न अनुसन्धानकर्मीहरूले हेलिकप्टर किन त्यो उचाइमा उडेको थियो भन्ने विषयमा सोधपुछ गरिरहेको बताइएको छ।



**सेनाको हेलिकप्टरसँग ठोक्किएर पोटोम्याक नदीमा खसेको दुर्घटनाग्रस्त विमान।**

हेलिकप्टरमा सेनाका कुनै वरिष्ठ अधिकारी थिएनन्, तर त्यसमा सवार सैनिकको अवस्था पनि स्पष्ट छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुर्घटनापछि सामाजिक सञ्जाल एक्समा भनेका छन्, 'रेगन नेसनल एयरपोर्टमा भएको दुर्घटनाबारे मैले पूर्ण जानकारी पाएको छु। अवस्थाको अनुगमन भइरहेको छ।'

उनले दुर्घटनामा ज्यान गुमाउनेहरूप्रति दु:ख व्यक्त गर्दै अगाडि भनेका छन्, 'मृतकका आत्मालाई भगवान्ले शान्ति प्रदान गरून्।'

यसअघि एयर ट्राफिक कन्ट्रोलरहरूले अमेरिकी सेनाको हेलिकप्टरलाई यात्रु विमानसँग ठोक्किने मार्गमा रहेको चेतावनी दिएका थिए। उक्त दुर्घटनाको अडियोमा नियन्त्रण कक्षका मानिसहरूको सास रोकिएको आवाज सुनिएको छ। बुधबार राति हेलिकप्टरले अमेरिकन एयरलाइन्सको सहायक कम्पनीद्वारा सञ्चालित बोम्बार्डियर विमानलाई रेगन नेसनल एयरपोर्टमा अवतरणका लागि नजिकिँदै गर्दा ठक्कर दिएको थियो।






बिहीबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २७° | ८° |
| जुम्ला | २०° | -५° |
| पोखरा | २३° | ११° |
| भैरहवा | २४° | ८° |
| काठमाडौं | २१° | ६° |
| जनकपुर | २४° | ९° |
| विराटनगर | २५° | १०° |

# संयुक्त मधेसी मोर्चालाई ब्युँताउन कार्यदल

**काठमाडौं** (अन्नपूर्ण) : संयुक्त लोकतान्त्रिक मधेसी मोर्चालाई ब्युँताउन मधेस केन्द्रित दलहरू सहमतिनजिक पुगेका छन्। बिहीबार बसेको मधेस केन्द्रित ८ दलको बैठकले तत्काल सहकार्य गर्ने विषयमा सहमति भएको राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले जनाए।

उनका अनुसार सिंहदरबारमा बसेको मधेस केन्द्रित दलहरूको बैठकले सहकार्य गरेर अघि बढ्ने निर्णय भएको छ। कार्यगत एकता गर्ने लक्ष्यसहित ८ दलबाटै प्रतिनिधित्व हुनेगरी कार्यदल पनि बनाइएको नेता झाले जानकारी दिए। कार्यदलमा जसपाबाट इस्तियाक राई, जनमतबाट शरद सिंह यादव, जसपा नेपालबाट मनिष सुमन रहेका छन्।

त्यसैगरी नागरिक उन्मुक्तिबाट गंगाराम चौधरी, लोसपाबाट लक्ष्मण लालकर्ण कार्यदलका सदस्य छन्। राष्ट्रिय मुक्ति पार्टी नेपालका केशव झा, जनता प्रगतिशीलका शिवजी यादव र तमलोपाबाट ब्रजेश सिंह कार्यदलमा छन् मधेसका एजेन्डा, संविधान संशोधनलगायत विषयमा साझा सहमति खोज्न र माग पूरा गराउन मधेस केन्द्रित दलहरूले कार्यदल बनाएका हुन्।






# बनराका सुकुम्बासीले पाउलान् त लालपुर्जा ?

**राजकरण महतो** | *काठमाडौं*

महोत्तरीको भंगहा नगरपालिका-४ थारु टोल बनरास्थित सुकुम्बासीका जग्गा कब्जा गर्ने गैरसुकुम्बासीका लालपुर्जा खारेजीको प्रक्रिया सुरु भएको छ। २५ वर्षअघि तत्कालीन सुकुम्बासी आयोगसँगको 'सेटिङ' मा १८२ परिवारको ४५ बिघा जग्गा गैरसुकुम्बासीको हडपेका थिए। सुकुम्बासीको जग्गा पास गरी गैरसुकुम्बासीले लालपुर्जा बनाएको बनरावासीको आरोप छ।

भूमि समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजालले उक्त बस्तीको स्थलगत अवलोकन गर्दै लालपुर्जा छानबिन प्रक्रिया अगाडि बढाइएको बताए। उनले गैरसुकुम्बासीहरूको नाममा बनेका लालपुर्जा खारेज गरिने पनि बताए। सुकुम्बासी समस्या समाधान आयोगका सदस्य गुञ्जबहादुर खड्काका अनुसार गैरसुकुम्बासीलाई वितरण गरिएका लालपुर्जा खारेज गर्न सक्ने अधिकार आयोगको जिल्ला समितिलाई छ।



**महोत्तरी बनराका भूमिहीन दलित तथा सुकुम्बासीहरू।** ● राजकरण महतो

उनले भने, 'जिल्ला तहबाट लालपुर्जा खारेज गर्ने निर्णय केन्द्रमा पठाउनुपर्छ। आयोगले थप निर्णय गरेर पीडितलाई न्याय दिलाउँछ।' पीडितहरू न्याय माग्दै ३८ वर्षदेखि आन्दोलन गर्दै आएका छन्। यसबारे अन्नपूर्ण पोस्ट्ले निरन्तर समाचार छाप्दै आएको छ।

भूमि समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष पीताम्बर महतोले बस्तीको बारेमा अध्ययन गरेर छिट्टै प्रक्रिया पूरा गरी थारुटोल बनराका सुकुम्बासीलाई लालपुर्जा दिने बताए।

उनले भने, 'पीडित बस्तीवासी, स्थानीय सरकार, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल गर्ने तयारी गरेका छौं। अन्यायमा परेका दलित भूमिहीन तथा भूमिहीन सुकुम्बासीहरूलाई जग्गाको स्वामित्व दिलाएर छाड्छौं।' यसअघि आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यस्थित बसोबासीले दिएका १२ हजार २२९ निवेदनउपर छानबिन सुरु गर्न लागिएको समेत उनले बताए।

**न्यायको पर्खाइमै बिते ३८ वर्ष**

पटक-पटक आयोग गठन भए पनि थारुटोलका सुकुम्बासी भने थालथलोबाट उठिबास हुने त्रासमा छन्। थारु टोलका सुकुम्बासीहरूले गैरसुकुम्बासीको नाममा वितरण गरिएका लालपुर्जा रद्द गर्नुपर्ने र वास्तविक सुकुम्बासीहरूलाई जग्गाधनी लालपुर्जा दिनुपर्ने माग राख्दै आन्दोलन गर्दै आएका छन्। गत वर्ष थारुटोल बनरावासीले न्यायको माग गर्दै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ज्ञापन पत्रसमेत बुझाएका थिए।

» बाँकी पृष्ठ ६